**नीति जेकेएफ - असक्तता भएका विद्यार्थीहरूको अनुशासन**

अ. असक्तता भएका विद्यार्थीहरूको अनुशासन

क) यस नीति र फेडेरल एवम् राज्य कानुनमा प्रदान गरिए बाहेक, असक्तता भएका विद्यार्थीहरूलाई विद्यार्थीको अनुशासन सम्बन्धी विद्यालय डिस्ट्रिक्टको व्यवहार र अनुशासन कोड र यसका नीतिहरू र प्रक्रियाहरू लागू हुनेछन् । विद्यालय पर्सोनेलले विद्यार्थी व्यवहार नियमावली उल्लङ्घन गर्ने असक्तता भएको विद्यार्थीलाई उसको तात्कालिन स्थानबाट उपयुक्त अन्तरिम शैक्षिक व्यवस्थापन, अर्को व्यवस्थापन, वा निलम्बन गर्नका लागि विस्थापन गर्न सक्ने छ जुन क्रमिक दश विद्यालय दिन भन्दा बढीको हुनेछैन र त्यही विद्यालय वर्षमा दुर्व्यवहारको अर्कै घटनाका निम्ति क्रमिक दश विद्यालय दिनभन्दा बढी नहुने गरी अतिरिक्त विस्थापन हुनसक्छ जबसम्म यस्तो विस्थापनले स्थान परिवर्तन गराउँदैन ।

आ. परिभाषाहरू

क) असक्तता भएका विद्यार्थी : असक्तता भएका विद्यार्थीहरूमा ती सबै सामेल छन् जसलाई असक्तता भएका व्यक्तिहरू शिक्षा सुधार अधिनियम (आइडिइए ०४) वा पुनस्थापना अधिनियम १९७३ को खण्ड ५०४, संसोधित (खण्ड ५०४) वा विद्यालय डिस्ट्रिक्टको स्थापित प्रक्रिया अनुसार सो पहिचान गरिएको छ । विद्यार्थीले आइडिइए ०४ अन्तर्गत असक्तता सुरक्षा अडान लिनसक्छ यदि प्रस्तावित अनुशासनतिर नेतृत्व गर्ने दुर्व्यवहारमा संलग्न हुनु अघि निम्न कुरा स्थापित हुनसक्छन् :

१. विद्यार्थीको अभिभावकले विद्यार्थीलाई विशेष शैक्षिक सेवाको आवश्यकता भएको बारे विद्यालयको सुपरिवेक्षण वा प्रशासकिय पर्सोनेललाई, वा विद्यार्थीको शिक्षकलाई लिखित रूपमा चासो व्यक्त गरेका छन्; वा

२. विद्यार्थीको अभिभावकले विशेष शिक्षा सेवाका लागि योग्यता निर्धारण गर्न विद्यार्थीको मूल्याङ्कनका लागि अनुरोध गरेका छन्; वा

३. विद्यार्थीको शिक्षक वा अन्य विद्यालय डिस्ट्रिक्ट पर्सोनेलले विशिष्ट रूपमा विद्यार्थीले प्रदर्शन गरेको व्यवहार ढाँचा बारे चासो सोझै विशेष शिक्षाको निर्देशक वा अन्य सुपरिवेक्षण पर्सोनेललाई जाहेर गरेका छन् (विद्यालय डिस्ट्रिक्टको स्थापित बच्चा भेट वा विशेष शिक्षा सिफारिस पद्धतिसँग अनुरूप)

अपवादः विद्यार्थीले यस नीतिमा परिभाषित कुनै पनि सुरक्षाहरूमा अडान लिन पाउँदैन :

१. यदि विद्यार्थीको मूल्याङ्कन गरिएको छ र असक्तता पाइएको छैन भने, वा मूल्याङ्कन आवश्यक छैन भनी निर्णय गरिएको छ भने, र विद्यार्थीको अभिभावकलाई योग्यता निर्धारण वा मूल्याङ्कन नगरिने निर्णयको सूचना दिइएको छ भने ।

२. अभिभावकले विद्यार्थीलाई विशेष शिक्षाका लागि मूल्याङ्कन गर्न अनुमति दिएको छैन भने ।

३. विद्यार्थी विशेष शिक्षाका लागि योग्य निर्धारण गरिएको छ तर अभिभावकले सो सेवा अस्वीकार गरेको छ भने ।

ख) निलम्बनः यस नीतिको उद्देश्यका निम्ति निलम्बन भन्नाले दश क्रमिक विद्यालय दिन नकट्ने गरि गरिएको एक पटकको विस्थापन बुझिन्छ । विद्यार्थीको स्वाभाविक शैक्षिक कार्यक्रमबाट विद्यालय दिनको कुनै एक भागका लागि विस्थापन भन्नाले पनि निलम्बन नै बुझिन्छ ।

ग) विद्यालय भित्रको निलम्बनः यस नीतिको उद्देश्यका निम्ति विद्यालय भित्रको निलम्बनलाई अनुशासनात्मक कार्वाही भनी दस्तावेजीकरण गरिनेछ, जसलाई विद्यार्थीले साधारण शिक्षा पाठ्यक्रममा प्रगति गर्ने अवसर पाइरहेसम्म, विशेष शिक्षा सेवा निरन्तर पाइरहेसम्म र तात्कालिक स्थानमा असक्तता नभएका साथीहरूसँग समान रूपले सहभागी हुन पाइरहेसम्म, १० जम्मा दिन हुने गरी छोटा अवधिका विस्थापनतिर लक्षित गरिने छैन ।

घ) निष्कासनः यस नीतिको उद्देश्यका निम्ति, निष्कासन भन्नाले राज्यको कानुन अनुसार गरिएको अनुशासनात्मक कार्वाही (प्रक्रिया) बुझिन्छ जसले विद्यार्थीको व्यवहारको उपयुक्त प्रतिफल निर्धारण गर्दछ र जसमा विद्यार्थीको स्वाभाविक शैक्षिक कार्यक्रमबाट दश क्रमिक दिनभन्दा बढीका लागि विस्थापन सामेल हुन सक्छ जसमा विद्यार्थीको व्यवहार उसको असक्तताको प्रकटीकरण हो भन्ने ठानिएको हुँदैन ।

ङ) स्थापना परिवर्तन: यस नीतिको उद्देश्यका निम्ति, स्थापना परिवर्नत भन्नाले निम्न अवस्थामा असक्तता भएका विद्यार्थीहरूको तात्कालिन शैक्षिक स्थापनाबाट विस्थापन भन्ने बुझिन्छ:

१. विस्थापन क्रमिक १० विद्यालय दिन भन्दा बढीका लागि छ; वा

२. विद्यार्थीलाई एउटा ढाँचा निर्माण हुने गरि क्रमागत विस्थापन गरिएको छ। सो ढाँचा छ छैन भनी निर्णय गर्न निम्न तत्वहरूलाई ध्यान दिइन्छ:

अ) क्रमागत विस्थापन जोड्दा एक विद्यालय वर्षमा १० विद्यालय दिनभन्दा बढी हुन्छ;

आ) विस्थापनका लागि जिम्मेवार विद्यार्थीको व्यवहार हरेक पल्ट पर्याप्त मात्रामा एकै किसिमको छ; र

इ) हरेक विस्थापनको म्याद, विस्थापनको जम्मा म्याद र एक देखि अर्को विस्थापन बीचको निकटता

३. विस्थापनको ढाँचाले स्थापना परिवर्तन हुने वा नहुने कुरा डिस्ट्रिक्टले प्रत्येक मामिला हेरेर निर्णय गर्नेछ।

च) अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्थापन (आइएइएस) विद्यार्थीलाई आइइपि समूहले निर्णय गरेअनुसार ४५ दिनका लागि, विद्यार्थीको व्यवहार विद्यार्थीको असक्तताको प्रकटिकरण भए नभएको सन्दर्भ नलिइकन, आइएइएसमा विस्थापन गर्न सकिनेछ यदि विद्यार्थीले:

क) हतियार बोक्छ वा स्वामित्वमा राख्छ;

ख) विद्यालयमा, विद्यालय मैदानमा, वा स्थानीय वा राज्य शिक्षा एजेन्सीको क्षेत्राधिकार भित्रको विद्यालय समारोहमा जानाजानी अवैधानिक औषधि (लागूपदार्थ) स्वामित्वमा राख्छ वा प्रयोग गर्छ वा बिक्री गर्छ वा नियन्त्रित वस्तुको बिक्रीको आग्रह गर्छ; वा

ग) विद्यालयमा, विद्यालय प्राङ्गणमा, वा स्थानीय वा राज्य शिक्षा एजेन्सीको क्षेत्राधिकार भित्रको विद्यालय समारोहमा भएका बेला अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोटपटक लगाउँछ। गम्भीर शारीरिक चोटपटकलाई मृत्युको पर्याप्त जोखिम भएको, अत्याधिक शारीरिक पीडा दिने, सुनिएको वा स्पष्ट अङ्गभङ्ग, वा शारीरिक सदस्य, अङ्ग वा मष्तिस्क कुशलताको क्षय वा कम कार्यकुशलता भनी परिभाषित गरिएको छ।

इ. निलम्बन

क) असक्तता भएका विद्यार्थीहरूलाई पनि असक्तता नभएका विद्यार्थीहरूसरह सोही विधिमा सोही कारणका लागि १० क्रमिक दिन नबढ्ने गरी निलम्बन सञ्चालन गरिन सकिनेछ।

ख) यदि प्रत्येक विस्थापन अवधि १० दिन नाघ्दैन र जोड्दा यसले कुनै ढाँचा निर्माण गर्दैन भने कुनै विद्यार्थीलाई एक भन्दा बढी दुर्व्यवहारका लागि निलम्बन गर्न सकिनेछ। भवन प्रशासकहरूले विद्यार्थीको विशेष शिक्षा मामिला व्यवस्थापकसँग छलफल गरेर स्थापना परिवर्तन हुने नहुने बारे निर्णय लिनेछन्।

ग) असक्तता भएका विद्यार्थीहरूको निलम्बन १० क्रमिक विद्यालय दिन नाघेमा वा अलग्गै दुर्व्यवहारको घटनाका लागि विस्थापनहरूको नतिजास्वरूप स्थापना परिवर्तन भएमा त्यसले प्रकटिकरण निर्धारण समीक्षाको माग गर्दछ। यसका अतिरिक्त अभिभावकलाई लिइने अनुशासनात्मक कार्वाही र प्रक्रियागत सुरक्षाका बारेमा सूचना प्रदान गरिनेछ।

घ) असक्तता भएको विद्यार्थीलाई आफ्नो तात्कालिक स्थानबाट एउटै विद्यालय वर्षमा १० विद्यालय दिनसम्म विस्थापित गरिएको छ भने, विद्यालय पर्सोनेलले विद्यार्थीको विशेष शिक्षा मामिला व्यवस्थापकसँग परामर्श गरेर विद्यार्थीलाई साधारण शिक्षा पाठ्यक्रममा निरन्तर भाग लिन लगाउनका लागि कुन हदसम्म सेवाहरू चाहिने हुन् भनि निर्णय गर्नेछन्, यद्यपि सो कुरा अर्कै व्यवस्थापनमा, र विद्यार्थीको आइइपिमा उल्लेखित लक्ष्यमा पुग्नका लागि प्रगतिशिल हुने तर्फ हुनेछ।

ई. निष्कासनहरू

क) यदि असक्तता भएका विद्यार्थीहरूलाई निष्कासन विचार गरिँदैछ भने:

१. अभिभावकलाई सो कार्वाही गर्ने निर्णय र कानुनले दिए अनुसार प्रक्रियागत सुरक्षाका बारेमा निर्णय लिइएको मिति भन्दा पछाडि नजाने गरि सूचीत गरिनुपर्दछ; र

२. तुरन्तै, सम्भव भएमा, विद्यार्थी निलम्बन भएको दश (१०) विद्यालय दिन नकाटीकन, आइइपि र उन्य योग्य डिस्ट्रिक्ट पर्सोनेलले विद्यार्थीको असक्तता र उसको व्यवहार बीचको सीधा सम्बन्ध प्रकटिकरण निर्धारण समीक्षामा समीक्षा गर्नुपर्नेछ।

उ. प्रकटिकरण निर्धारण समीक्षा

क) प्रकटिकरण निर्धारण समीक्षामा, प्रिन्सिपल/प्रतिनिधि, आमाबाबु र आइइपि समूहका सान्दर्भिक सदस्यहरू (अभिभावक र डिस्ट्रिक्टले निर्धारण गरे अनुसार) ले निम्न कुराको समीक्षा गर्नेछन्:

अ) विद्यार्थीको फाइलका सबै सान्दर्भिक जानकारीहरू,

आ) विद्यार्थीको आइइपि,

इ) शिक्षकको अवलोकन(कुनै), र

ई) अभिभावकद्वारा प्रदान गरिएको कुनै सान्दर्भिक जानकारी,

समूहले निम्न कुराको निर्धारण गर्नुपर्नेछ:

१. सन्देहको व्यवहार विद्यालयको विशेष शिक्षा प्रदान गर्ने कार्य, परिपूरक सहायता र सेवाहरू, व्यवहार हस्तक्षेप रणनीतिहरू र/वा विद्यार्थीको आइइपिले मागेको स्थापनाको असफलताको नतिजा हो होइन; वा

२. सन्देहको व्यवहार असक्तताले गर्दा भएको हो वा जसको पर्याप्त सम्बन्ध असक्ततासँग छ छैन।

यदि आइइपि समूहले आइटम १ र २ मा दिएका अवस्थाहरूसँग मेल खाँदैनन् भनी निर्णय गर्छ भने विद्यार्थीको व्यवहार उसको असक्तताको प्रकटिकरण होइन। यदि विद्यालय नियमावलीको उल्लङ्घन उब्जाउने व्यवहार विद्यार्थीको असक्तताको कारणले होइन भनी निर्णय गरियो भने, विद्यालय अफिसियलहरूले विद्यार्थीका लागि असक्तता नभएका विद्यार्थीहरूलाई गरिने प्रक्रिया सरह, सोही विधिद्वारा, सोही समयका लागि सान्दर्भिक अनुशासनात्मक प्रक्रियाहरू लागू गर्न सक्नेछन्। यद्यपि विद्यार्थीले शैक्षिक सेवाहरू प्राप्त गरिरहनेछ, जसले गर्दा उसले साधारण शिक्षा पाठ्यक्रममा निरन्तर भाग लिन सकोस्, यद्यपि सो कुरा अर्कै व्यवस्थापनमा, र विद्यार्थीको आइइपिमा उल्लेखित, आइइपि समूहद्वारा निर्धारित, लक्ष्यमा पुग्नका लागि प्रगतिशिल हुने तर्फ हुनेछ।

यदि आइइपि समूहले आइटम १ वा २ मा दिएका अवस्थाहरूसँग मेल खान्छ भनी निर्णय गर्छ भने विद्यार्थीको व्यवहार उसको असक्तताको प्रकटिकरण हो। यदि आइइपि समूहले यस खण्डको आइटम १ सँग मेल खान्छ भनी निर्णय गर्छ भने, विद्यालयले ती कमिहरू हटाउन तुरुन्दै कदमहरू चाल्नुपर्छ। यदि विद्यालय नियमावलीको उल्लङ्घन उब्जाउने व्यवहार विद्यार्थीको असक्तताको कारणले हो भनी निर्णय गरियो भने, विद्यालयले विद्यार्थीलाई उसको तात्कालिन शैक्षिक व्यवस्थापनमा फर्काउनुपर्छ यदि:

अ) आमाबाबु/अभिभावक र डिस्ट्रिक्ट स्थापना परिवर्तन गर्न तयार हुन्छन्; वा

आ) डिस्ट्रिक्टले कानुनले दिएको स्थापना परिवर्तन प्राप्त गर्छ; वा

इ) विद्यार्थीलाई निम्न उल्लेखित अन्तरिम शैक्षिक व्यवस्थापनमा राखिएको छ.

विद्यार्थीले उपयुक्तताका हिसाबमा, कार्यगत व्यावहारिक मूल्याङ्कन र व्यावहारिक हस्तक्षेप सेवाहरू र संसोधनहरू प्राप्त गर्नेछ जलाई उल्लङ्घन पुरावृत्ति हुन नदिनका लागि व्यवहार उल्लङ्घन सम्बोधन गर्न निर्माण गरिएको छ। यदि कार्यगत व्यावहारिक मूल्याङ्कन पूरा भएको छ र दुर्व्यवहार अगाडिनै योजना विकसित गरिएको छ भने, यसलाई उपयुक्तताका हिसाबमा, मुद्दामा रहेको व्यवहार सम्बोधन गर्नका लागि संसोधन गरिनेछ।

ऊ. अन्तरिम बैकल्पिक शैक्षिक व्यवस्थापन

विद्यालय पर्सोनेलले प्रदर्शित व्यवहार विद्यार्थीको असक्तताको प्रकटिकरण हो होइन निर्धारणलाई वास्ता नगरी, यस नीतिको खण्ड च मा उल्लेखित व्यवहारका लागि विद्यार्थीलाई अन्तरिम बैकल्पिक शैक्षिक व्यवस्थापनमा नबढाइकन ४५ विद्यालय दिनसम्म विस्थापन गर्न पाउनेछ। आइइपि समूहले व्यवस्थापन र प्रदान गरिनुपर्ने सेवाहरूको निर्धारण गर्नेछ जसले विद्यार्थीलाई साधारण शिक्षा पाठ्यक्रममा निरन्तर सहभागी गराउन र विद्यार्थीको आइइपिमा लक्षित लक्ष्य प्राप्त गर्नतिर प्रगति गर्न सकियोस्।

ए. खण्ड ५०४ अन्तर्गत असक्तता पहिचान भएका विद्यार्थीहरू

आइडिइए ०४ को उद्देश्यका लागि "असक्तता भएका विद्यार्थीहरू"मा योग्य नभएका विद्यार्थीहरू र खण्ड ५०४ को उद्देश्यका लागि "असक्तता भएका विद्यार्थीहरू" मा योग्य भएका विद्यार्थीहरूका लागि निम्न कुराहरू लागू हुनेछन्। यदि ५०४ समूहले व्यवहार विद्यार्थीको असक्तताको प्रकटिकरण होइन भन्ने निर्णय गर्छ भने, विद्यार्थीलाई विद्यालय अफिसियलहरूले सान्दर्भिक अनुशासनात्मक प्रक्रियाहरू असक्तता नभएका विद्यार्थीहरूका लागि लाग्ने प्रकियासरह सोही विधिद्वारा, सोही समयका लागि, आवश्यक भएमा निलम्बन र निष्कासन समेत, लागू गर्नसक्नेछन्। यस अतिरिक्त असक्तता नभएका विद्यार्थीलाई सरह शैक्षिक प्रोग्रामिङहरू सोही हदसम्म प्रदान गर्न सकिनेछन् जसका लागि खण्ड ५०४ को स्वीकृति आवश्यक छैन।

स्वीकृत जुन १६, २०००

परिमार्जित अगस्ट २१, २००८

कानुनी सन्दर्भ:

सि.आर.एस २२–३३–१०६ (१) (सि)

सि.आर.एस २२–२०–१० १ र तपसिल (असाधारण बच्चाहरूको शिक्षा अधिनियम)

२० यु.एस.सि. १४०१ र  तपसिल (असक्तता भएका व्यक्तिहरू शिक्षा परिमार्जन अधिनियम २००४)

क्रस सन्दर्भ

जेके विद्यार्थी अनुशासन

जेके-आर विद्यार्थी व्यवहार र अनुशासन प्रक्रियाहरू